जि.प्रशा.का.दर्ता नं. १०१/०८०/८१

“निष्पक्ष जनपक्षीय सवालको निर्भीक आवाज”

# संवाहक
राष्ट्रिय दैनिक Samvahak National Daily

**सूचना**
संवाहक राष्ट्रिय दैनिकको लागि स्तरीय लेख, रचना, फिचर, प्रेस विज्ञप्ति, आदि प्रेषित गर्न चाहनु हुन्छ भने कृपया विज्ञापनको लागि फोन नं.: ९८०६८१४३०२ मा प्रेषित गर्नुहोला।

वर्ष : ४ अंक : ५५ २०८३ साल जेष्ठ २७ गते, बुधबार Wednesday, June.– 10 2026 मूल्य रु. ५/- पृष्ठ : ४

## प्रादेशिक अस्पताल कलैयाको करार भर्ती विवाद : नतिजा स्थगित भएपछि उठ्यो स्वार्थ र चलखेलको प्रश्न

*संवाहक सम्वादाता-२६ बैशाख, कलैया*

प्रादेशिक अस्पताल कलैया, बाराले आर्थिक वर्ष २०८२/८३ का लागि करार सेवामा विभिन्न स्वास्थ्यकर्मी तथा प्राविधिक जनशक्ति भर्ना प्रक्रिया अघि बढाए पनि लिखित परीक्षा सम्पन्न भइसकेपछि नतिजा स्थगित गरिएसँगै अस्पताल प्रशासन, स्वास्थ्य मन्त्रालय र पदपूर्ति प्रक्रियामाथि गम्भीर प्रश्न उठ्न थालेका छन्।




अस्पतालले यसअघि विशेषज्ञ चिकित्सक, मेडिकल अधिकृत, स्टाफ नर्स, अ.न.मी., अ.हे.व., मेडिकल रेकर्डर, बायोमेडिकल टेक्निसियन लगायतका विभिन्न पदमा करार सेवाका लागि आवेदन आह्वान गरेको थियो। उक्त विज्ञापनमा करिब १५० जनाभन्दा बढी उम्मेदवारले आवेदन दिएका थिए भने आवेदन शुल्कबापत झण्डै ९० हजार रुपैयाँ संकलन भएको बताइएको छ।

पदपूर्ति समितिले जेठ २३ र २४ गते लिखित परीक्षा सञ्चालन गरेको थियो। एमबीबीएस (मेडिकल अधिकृत) र अ.न.मी. पदको परीक्षा सम्पन्न भएकै दिन नतिजा सार्वजनिक गरिए पनि स्टाफ नर्स, हेल्थ असिस्टेन्ट, मेडिकल रेकर्डर, बायोमेडिकल टेक्निसियनलगायत अन्य पदहरूको लिखित परीक्षा सम्पन्न भए तापनि नतिजा सार्वजनिक नगरिएको हो।

यसैबीच, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, मधेश प्रदेशको पत्रलाई आधार बनाउँदै निमित्त मेडिकल सुपरिटेन्डेन्ट डा. राहुल मण्डल ले जेठ २५ गते सूचना जारी गरी नतिजासम्बन्धी सम्पूर्ण प्रक्रिया अर्को आदेश नभएसम्मका लागि स्थगित गरिएको जानकारी गराए। तर परीक्षा सम्पन्न भइसकेपछि अचानक नतिजा रोकिएसँगै पदपूर्ति प्रक्रियामा स्वार्थ, दबाब र चलखेल भएको आशंका बलियो बन्दै गएको छ।

स्रोतका अनुसार पदपूर्ति समितिका केही सदस्यहरूले परीक्षा प्रक्रिया निष्पक्ष रूपमा सम्पन्न भएको दाबी गरेका छन्। जिल्ला प्रशासन कार्यालयसहित सम्बन्धित निकायको प्रत्यक्ष निगरानी र रोहबरमा विज्ञद्वारा प्रश्नपत्र तयार गरी परीक्षा सञ्चालन गरिएको बताइन्छ। तर नतिजा सार्वजनिक गर्ने चरणमा पुगेपछि बाह्य दबाबका कारण प्रक्रिया रोकिएको आरोप समेत उठ्न थालेको छ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयबाट प्रत्यक्ष दबाब आएपछि नतिजा स्थगित गरिएको चर्चा अस्पताल परिसरदेखि राजनीतिक वृत्तसम्म भइरहेको छ। यद्यपि यस विषयमा कुनै आधिकारिक पुष्टि भएको छैन।

विवादबारे प्रतिक्रिया माग्दा निमित्त मेडिकल सुपरिटेन्डेन्ट डा. राहुल मण्डल ले “बाहिर चर्चा भएजस्तो विषय होइन” भन्दै विवादलाई सामान्य बनाउन खोजे। तर परीक्षा हुनुअघि नै विज्ञबाट तयार गराइएको प्रश्नपत्रमाथि किन प्रश्न उठाइयो भन्ने जिज्ञासामा उनले स्पष्ट जवाफ दिन सकेनन्।

त्यसैगरी पदपूर्ति छनोट समितिका संयोजक डा. जयन्त मिश्र ले नतिजा स्थगितबारे आफूले टिप्पणी गर्न नमिल्ने बताउँदै यस विषयमा अस्पताल प्रशासनले नै जवाफ दिनुपर्ने प्रतिक्रिया दिए। उनले प्रक्रियासम्बन्धी थप टिप्पणी गर्न अस्वीकार गरे।

अस्पताल विकास समितिका अध्यक्ष जवाहिर अन्सारी ले भने परीक्षा पूर्ण रूपमा निष्पक्ष र पारदर्शी ढंगले सम्पन्न भएको दाबी गरे। “पहिलो चरणको लिखित नतिजा सार्वजनिक भइसकेको छ। बाँकी नतिजा किन रोकियो भन्ने विषयमा पदपूर्ति समितिका संयोजकले स्पष्ट पार्नुपर्छ। हाम्रो धारणा तत्काल नतिजा सार्वजनिक हुनुपर्छ भन्ने

बाँकी तेस्रो पृष्ठमा

## सुधन गुरुङको गृहमन्त्रीमा “कमब्याक”, पदभारसँगै दरबार हत्याकाण्ड पुन: छानबिनको घोषणा

*२६ जेठ, काठमाडौं ।*

राजनीतिक उतारचढावपछि नवनियुक्त गृहमन्त्री सुधन गुरुङले पुनः गृह मन्त्रालयको जिम्मेवारी सम्हालेका छन्। यसलाई उनको ‘कमब्याक’का रूपमा हेरिएको छ। राष्ट्रपतिबाट शीतल निवासमा पद तथा गोपनियताको शपथ लिएपछि उनी सिंहदरबारस्थित मन्त्रालय पुगेर पदभार ग्रहण गरेका हुन्। पदभार ग्रहणपछि सञ्चारकर्मीसँग कुरा गर्दै उनले सत्य तथ्यका आधारमा मात्रै आलोचना गर्न आग्रह गर्दै गलत सूचना र चरित्र हत्या गर्ने प्रवृत्तिविरुद्ध मन्त्रालय कडा रूपमा प्रस्तुत हुने चेतावनी दिए।



पदभारकै क्रममा मन्त्री गुरुङले गृह प्रशासन सुधारका लागि ७ वटा महत्वपूर्ण निर्णयमा हस्ताक्षर गरेका छन्। जेन-जी आन्दोलनसँग सम्बन्धित मुद्दाहरू फिर्ता गर्न मिल्ने वा नमिल्ने विषयमा अध्ययन तथा सिफारिस गर्न विशेष कार्यदल गठन गर्ने निर्णय पनि गरिएको छ। त्यस्तै, संवेदनशील सूचनाको सुरक्षा र निगरानीका लागि ‘सेन्सेटिभ इन्फर्मेसन भिजिलेन्स टिम’ गठन गरिने भएको छ। अपराध अनुसन्धानलाई प्रभावकारी बनाउन सीआईबीलाई सशक्त बनाउने र जघन्य तथा संगठित अपराधका फाइलहरू छिटो टुंग्याउन विशेष टोली गठन गर्ने निर्णयसमेत गरिएको छ।

मन्त्री गुरुङले अबदेखि विगतका सबै गम्भीर प्रकृतिका घटनाका फाइलहरू क्रमशः खोलिने र निष्कर्षमा पुऱ्याइने स्पष्ट पारेका छन्।

उनको कार्यकालको प्रमुख

बाँकी तेस्रो पृष्ठमा

## पुर्वमुख्यमन्त्री सोनलद्धारा श्री ने.रा.आ. विद्यालय भलुहीको ८ कोठे भवनको शिलान्यास

*संवाहक सम्वादाता-२६ बैशाख, कलैया*

फेटा गाउँपालिका-१ भलुहीस्थित श्री नेपाल राष्ट्रिय आधारभूत विद्यालयको प्रस्तावित ८ कोठे नयाँ भवनको शिलान्यास सोमवार सम्पन्न भएको छ। मधेश प्रदेशका पूर्व मुख्यमन्त्री तथा प्रदेशसभा सदस्य जितेन्द्र सोनल ले एक समारोहबीच भवनको शिलान्यास गरेका हुन्।

प्रदेशस्तरीय शिक्षा मन्त्रालयको लगानीमा निर्माण हुन लागेको उक्त भवन पूर्व मुख्यमन्त्री सोनलको विशेष पहल र सहयोगमा स्वीकृत भएको बताइएको छ। कार्यक्रममा बोल्दै सोनलले गुणस्तरीय शिक्षाका





लागि भौतिक पूर्वाधारको महत्वपूर्ण भूमिका रहने उल्लेख गर्दै शिक्षा क्षेत्रमा गरिएको लगानीले भविष्यमा दक्ष, सक्षम र प्रतिस्पर्धी जनशक्ति उत्पादन गर्न सहयोग पुग्ने बताए।

बाँकी तेस्रो पृष्ठमा

## मन्त्रिपरिषद्का चार मुख्य निर्णय सार्वजनिक

*काठमाडौं, जेठ २६ ।*

सरकारले विभिन्न क्षेत्रसँग सम्बन्धित चार महत्वपूर्ण निर्णय गरेको छ। मंगलबार बसेको मन्त्रिपरिषद् बैठकले ऊर्जा, प्रशासन, तथा संस्थागत व्यवस्थापनसँग सम्बन्धित निर्णयहरू गरेको सरकारका प्रवक्ता तथा शिक्षा मन्त्री सस्मित पोखरेल ले जानकारी दिएका छन्।



प्रवक्ता पोखरेलका अनुसार कृषि, वन तथा वातावरण मन्त्रालयको प्रस्तावमा ऊर्जा क्षेत्रको विकासका लागि महत्वपूर्ण मानिएका चार जलविद्युत् आयोजनाहरूलाई राष्ट्रिय वन क्षेत्र प्रयोग गर्न स्वीकृति दिने निर्णय गरिएको छ। यसअन्तर्गत तल्लो अरुण, तल्लो न्यादी खोला, भुन्छा खोला र तादी खोला जलविद्युत् आयोजनाहरूले अब वन क्षेत्र प्रयोग गर्न पाउने भएका छन्।

त्यसैगरी, सामान्य प्रशासन मन्त्रालयबाट आएको निजामती सेवा (सोह्रौं संशोधन) नियमावली २०८१ लाई पनि मन्त्रिपरिषद्ले स्वीकृति दिएको छ। यो संशोधनले प्रशासनिक संरचना तथा सेवा प्रवाहमा सुधार ल्याउने अपेक्षा गरिएको छ।

बैठकले लामो समयदेखि विवादमा रहेको नेपाल रेडक्रस सोसाइटीको व्यवस्थापनका लागि नेपाल रेडक्रस सोसाइटी को नेतृत्वमा नौ सदस्यीय तदर्थ समिति गठन गर्ने निर्णय पनि गरेको छ।

यसैगरी, पूर्व गृहमन्त्री तथा प्रतिनिधि सभा सदस्य सुदन गुरुङ को सम्बन्धमा गठित अध्ययन तथा छानबिन समितिले पेस गरेको प्रतिवेदनलाई मन्त्रिपरिषद्ले ग्रहण गरेको प्रवक्ता पोखरेलले जानकारी दिए।

सरकारका यी निर्णयहरूले ऊर्जा विकास, प्रशासनिक सुधार र संस्थागत व्यवस्थापनमा दीर्घकालीन प्रभाव पार्ने अपेक्षा गरिएको छ।

## पर्सामा मापदण्डविपरीत पुनर्स्थापना केन्द्र सञ्चालनको आरोप, प्रशासनमाथि प्रश्न

*वीरगञ्ज, २६ जेठ,–*

पर्सा जिल्लामा सञ्चालित केही पुनर्स्थापना तथा सुधार केन्द्रहरू आवश्यक कानुनी प्रक्रिया र मापदण्ड पूरा नगरी सञ्चालन भइरहेको आरोप सार्वजनिक भएपछि प्रहरी-प्रशासनको भूमिकामाथि प्रश्न उठ्न थालेको छ।

स्रोतका अनुसार जिल्ला प्रशासन कार्यालय पर्साले केही समयअघि Youth Care Foundation लाई आवश्यक कागजातसहित कार्यालयमा उपस्थित हुन निर्देशन दिएको थियो। तर उक्त निर्देशनपछि पनि सम्बन्धित संस्थाले प्रशासनसँग आवश्यक समन्वय नगरेको दाबी गरिएको छ।




स्रोतले जनाएअनुसार संस्थाको केन्द्रीय कार्यालय काठमाडौंले प्रशासनको सम्भावित अनुगमन तथा कारबाहीको जोखिमलाई मध्यनजर गर्दै पर्सास्थित शाखा सञ्चालन नगर्न निर्देशन दिने पत्रसमेत जारी गरेको थियो। उक्त पत्र सार्वजनिक भएपछि जिल्ला प्रशासन कार्यालयले शाखा सञ्चालनसँग सम्बन्धित अनुमति तथा कागजात लिएर उपस्थित हुन पुनः आदेश दिएको बताइन्छ।

तर प्रशासनको निर्देशनको अवज्ञा

बाँकी तेस्रो पृष्ठमा

"सत्य वस्तुत अन्त सम्म नै सत्य नै रहन्छ !"
- सेक्सपियर

प्रकाशक/सम्पादक
पन्नालाल दास
सम्पर्क नं.:- ९८४५२१७०१९
९८०६८१४३०२

सह-सम्पादक
मुन्ना कुमार

सामाचार सम्पादक
सरोज दास

कानुनी सल्लाहकार
परमहंस केशरी/ श्याम बिहारी कुशवाहा

कम्प्यूटर सेटिङ्ग
म. फरिद

Email: samvahakdaily1@gmail.com
Website: samvahakdaily.com

प्रधान कार्यालय:
कलैया उपमहानगरपालिका
शाखा कार्यालय: कलैया-१, बारा

मुद्रक: शुभ लक्ष्मी अफसेट प्रेस, वीरगंज

## सम्पादकीय ........

# राजस्व चुहावटमा कसको संरक्षण?

वीरगञ्जस्थित यातायात व्यवस्था कार्यालयमा राजस्व हिनामिना तथा चुहावट सम्बन्धी समाचारहरू पछिल्ला दिनहरूमा लगातार सार्वजनिक भइरहेका छन्। यदि सार्वजनिक भएका तथ्य र प्रमाणहरू सत्य हुन् भने यो केवल एउटा कार्यालयभित्रको अनियमितता मात्र नभई राज्यको राजस्व प्रणालीमाथिको गम्भीर प्रहार हो। यातायात कार्यालय जस्तो संवेदनशील निकायमा सवारी दर्ता, नवीकरण, नामसारी, जरिवाना तथा विभिन्न सेवामार्फत दैनिक लाखौं रुपैयाँ राजस्व संकलन हुने गर्दछ। यस्ता कार्यालयमा हुने सानो कमजोरीले पनि सरकारलाई ठूलो आर्थिक नोक्सानी पुग्न सक्छ। तर यदि कर्मचारीकै संलग्नतामा राजस्व निर्धारणमा चलखेल गरी सरकारी कोषमा जानुपर्ने रकम व्यक्तिको गोजीमा पुगिरहेको छ भने त्यो भ्रष्टाचारको गम्भीर उदाहरण हो। सार्वजनिक भएका विवरणअनुसार जरिवाना रकममा व्यापक अन्तर देखिएको छ। एउटै प्रकृतिको कसुरमा फरक-फरक रकम असुल गरिएको आरोपले कर निर्धारण प्रक्रिया नै प्रश्नको घेरामा परेको छ। यदि प्राविधिक प्रतिवेदन, कानुनी प्रक्रिया र तोकिएको शुल्कलाई बेवास्ता गर्दै व्यक्तिको इच्छाअनुसार रकम निर्धारण गरिएको हो भने त्यसको निष्पक्ष छानबिन अनिवार्य छ। सबैभन्दा चिन्ताजनक पक्ष के हो भने यस्ता आरोपहरू एक पटक मात्र होइन, पटक-पटक सार्वजनिक भइरहेका छन्। तर सम्बन्धित निकायबाट स्पष्ट छानबिन, सत्यतथ्य सार्वजनिक गर्ने प्रयास वा दोषीमाथि कारबाहीको जानकारी अझै बाहिर आएको देखिँदैन। यसले जनतामा थप आशंका पैदा गरेको छ। राज्यका निकायहरू मौन बस्दा अनियमिततामा संलग्नहरूलाई झन् संरक्षण मिलिरहेको सन्देश जान सक्छ। यद्यपि कुनै पनि व्यक्ति दोषी हो वा होइन भन्ने निष्कर्ष सक्षम निकायको अनुसन्धानबाट मात्र निस्कनुपर्छ। सञ्चारमाध्यममा आएका आरोपलाई आधार बनाएर कसैलाई दोषी ठहर गर्न मिल्दैन। तर गम्भीर प्रकृतिका आरोप र प्रमाणहरू सार्वजनिक भइसकेपछि अख्तियार, प्रदेश सरकार तथा सम्बन्धित मन्त्रालयले तत्काल स्वतन्त्र छानबिन गर्नु आवश्यक छ। राजस्व राज्यको मेरुदण्ड हो। यही रकमबाट विकास निर्माण, शिक्षा, स्वास्थ्य र सार्वजनिक सेवा सञ्चालन हुन्छन्। त्यसैले राजस्व चुहावटको कुनै पनि घटनालाई सामान्य रूपमा लिन सकिँदैन। दोषी जोसुकै भए पनि कानुनअनुसार कारबाही हुनुपर्छ र निर्दोष भए तथ्यसहित सफाइ पाउनुपर्छ। वीरगञ्ज यातायात कार्यालयमाथि उठेका प्रश्नहरूको उत्तर अब सम्बन्धित निकायले दिनुपर्छ। जनताले सत्य जान्न पाउने अधिकार राख्छन्, र राज्यले त्यो सत्य सार्वजनिक गर्ने दायित्व निर्वाह गर्नुपर्छ। पारदर्शिता र जवाफदेहिता बिना सुशासनको कल्पना गर्न सकिँदैन।

# उद्यमशीलताको आधार कृषि



सरकारले कृषिक्षेत्रलाई उत्पादन वृद्धि मात्र नभई आयआर्जन, रोजगारी सिर्जना र आयात प्रतिस्थापनको माध्यमका रूपमा विकास गर्ने स्पष्ट सङ्केत दिएको छ। नीति र कार्यक्रमको सफलता बजेट विनियोजनभन्दा बढी प्रभावकारी कार्यान्वयन, पारदर्शिता, अनुगमन तथा वास्तविक किसानसम्म सेवा र सुविधा पुऱ्याउने क्षमतामा निर्भर रहने छ। कृषिक्षेत्रको रूपान्तरणका लागि घोषणाभन्दा परिणाममुखी कार्यान्वयन नै अबको प्रमुख परीक्षा हुने छ।



डा. दीपकराज खनाल

कृषिक्षेत्र नेपालको राष्ट्रिय अर्थतन्त्रको एक प्रमुख आधारस्तम्भका रूपमा स्थापित छ। आर्थिक सर्वेक्षण २०८०/८१ अनुसार कुल गार्हस्थ उत्पादन (जिडिपी) मा कृषिक्षेत्रको योगदान २४.० प्रतिशत छ। करिब ६२.० प्रतिशत परिवारको मुख्य जीविकोपार्जनको आधार कृषि पेसा छ। देशको कुल जनसङ्ख्यामध्ये करिब ६७.० प्रतिशत जनसङ्ख्या प्रत्यक्ष रूपमा कृषि परिवारमा आबद्ध रहेकाले कृषिक्षेत्रको सामाजिक तथा आर्थिक महत्वलाई स्पष्ट रूपमा उजागर गर्छ। कृषि उत्पादन, उत्पादकत्व तथा उद्यमशीलताको विस्तारले मात्र देशलाई आत्मनिर्भर र समुन्नत बनाउन सक्छ। सरकारले सार्वजनिक गरेको आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रमले कृषिक्षेत्रलाई प्राथमिकतासाथ समेट्ने प्रयास गरेको छ।

सरकारले कृषिक्षेत्रलाई परम्परागत जीविकोपार्जनको माध्यमबाट सम्मानजनक तथा उद्यमशील पेसाका रूपमा रूपान्तरण गर्ने लक्ष्य लिएको छ। कृषि उत्पादन वृद्धि, उत्पादन लागत न्यूनीकरण, आयात प्रतिस्थापन तथा खाद्यान्न आत्मनिर्भरताका लागि प्याकेजमा आधारित उत्पादन प्रणाली, यान्त्रिकीकरण, डिजिटल प्रविधि तथा 'एग्रिटेक' को प्रयोगलाई विशेष जोड दिई नीति तयार गरिएको छ। यसले कृषिक्षेत्रलाई आधुनिक, प्रतिस्पर्धी र व्यवसायमुखी बनाउन सहयोग पुऱ्याउने छ। हाल वैदेशिक रोजगारीबाट फर्किएका युवालाई कृषिक्षेत्रमा आकर्षित गर्न विभिन्न कार्यक्रम अघि सारिएका छन्। कृषि उत्पादन, प्रशोधन उद्योग र बजार व्यवस्थापनलाई एकीकृत रूपमा जोड्ने, ग्रामीण क्षेत्रमा रोजगारी सिर्जना गर्दै उत्पादनशील जनशक्तिलाई देशभित्रै उपयोग गर्ने अवसर प्रदान गर्ने छ। युवालक्षित यस्ता कार्यक्रमले कृषिक्षेत्रमा नयाँ प्रविधि र नवप्रवर्तन भित्र्याउनसमेत मद्दत गर्ने छ।

किसानको उत्पादनको समर्थन मूल्य निर्धारण गरी भुक्तानी प्रत्यक्ष बैङ्क खातामा उपलब्ध गराउने व्यवस्थाले किसानलाई उचित मूल्य प्राप्त गर्न तथा बिचौलियाको प्रभाव कम गर्न सहयोग पुग्ने छ। सहुलियतपूर्ण दरमा कृषि उपज खरिद, उत्पादित वस्तुको भण्डारण, ब्रान्डिङ र बजारीकरणसम्बन्धी नीतिले कृषि व्यवसायलाई थप व्यवस्थित बनाउने सम्भावना छ। भूमि बैङ्कको अवधारणामार्फत बाँझो जमिनलाई उत्पादनमा उपयोग गर्ने र साना तथा सीमान्तकृत किसानको पहुँच विस्तार गर्ने प्रयास पनि सकारात्मक पक्ष हो। यसले कृषियोग्य भूमि संरक्षण तथा उत्पादन वृद्धि दुवैमा योगदान पुऱ्याउन सक्छ।

कृषि बिमा, पशु बिमा, स्वास्थ्य बिमा तथा व्यावसायिक पशुपालनलाई प्रोत्साहन गर्ने नीतिले कृषिक्षेत्रका जोखिम न्यूनीकरण गर्न महत्वपूर्ण भूमिका खेल्ने छ। विश्व परिवेशमा दिगो विकास र वातावरणीय संरक्षणलाई कृषिनीतिमा उच्च प्राथमिकता दिइएको छ। नेपाल सरकारले जलाधार संरक्षण, वातावरणमैत्री कृषिप्रणाली तथा प्रविधिमैत्री कृषि अभ्यासमार्फत कृषिक्षेत्रलाई हरित अर्थतन्त्रसँग जोड्ने नीति अवलम्बन गरेको छ। यसले कृषि उत्पादन वृद्धि मात्र होइन, प्राकृतिक स्रोतको संरक्षण र दिगो विकासका लक्ष्य हासिल गर्नसमेत सहयोग पुऱ्याउने छ। विगतमा कृषिक्षेत्रसँग सम्बन्धित धेरै नीति तथा कार्यक्रम घोषणा भए पनि कार्यान्वयन पक्ष कमजोर हुँदा अपेक्षित परिणाम हासिल हुन सकेनन्। पर्याप्त बजेट, प्रभावकारी संस्थागत व्यवस्था, प्राविधिक जनशक्ति तथा अनुगमन प्रणालीमार्फत यी नीतिलाई व्यवहारमा उतार्न संयन्त्र आवश्यक पर्छ। कृषिक्षेत्रको आधुनिकीकरण, व्यवसायीकरण र उद्यमशीलताको विकासबाट मात्रै नेपालको आर्थिक समृद्धि सम्भव छ। कृषिक्षेत्रमा लगानी, प्रविधि, बजार र युवा सहभागिता सुनिश्चित गर्न सकिएमा नेपाल आत्मनिर्भर र समृद्ध अर्थतन्त्र निर्माणतर्फ अगाडि बढ्ने छ।

***निजी लगानी आकर्षित***

कृषिक्षेत्रलाई सरकारले पुनः उच्च प्राथमिकतामा राखेको छ। पछिल्ला वर्षमा कृषि उत्पादनमा स्थिरता, युवाको वैदेशिक पलायन, बढ्दो खाद्यान्न आयात तथा किसानको घट्दो आकर्षण जस्ता समस्याबाट कृषिक्षेत्रले गम्भीर चुनौती सामना गरिरहेको अवस्थामा सरकारले प्रस्तुत गरेका कार्यक्रमले कृषिक्षेत्रलाई व्यावसायिक, प्रतिस्पर्धी र लाभमुखी बनाउने सङ्केत दिएका छन्। कृषि उत्पादन, प्रशोधन, वितरण र बजारीकरणलाई एउटै मूल्य शृङ्खलाभित्र समेटेर सुधार गर्ने सरकारको प्रतिबद्धता सकारात्मक छ। विशेष गरी कृषि तथा पशुजन्य उत्पादनमा दुई करोड रुपियाँसम्म लगानी गर्ने किसानलाई ४० प्रतिशतसम्म प्रोत्साहन अनुदान दिने घोषणा कृषिमा निजी लगानी आकर्षित गर्ने महत्वपूर्ण प्रयास हो। कृषि उत्पादन वृद्धि तथा किसानलाई आवश्यक पर्ने रासायनिक मल उपलब्ध गराउने उद्देश्यले सरकारले रासायनिक मल खरिदका लागि बजेटमा उल्लेख्य वृद्धि गरेको छ। आगामी आवका लागि रासायनिक मल खरिदमा मात्रै ३२ अर्ब ४६ करोड रुपियाँ विनियोजन गरिएको छ। सरकारले मुख्य बाली लगाउने समयमा मल अभाव हुन नदिन आपूर्ति तथा वितरण व्यवस्था थप प्रभावकारी बनाउने नीति अवलम्बन गरेको छ। यसका लागि रासायनिक मल आपूर्ति क्यालेन्डर तयार गरी सोही अनुसार खरिद, ढुवानी र वितरण प्रक्रिया सञ्चालन गरिने बजेटमा उल्लेख छ। यो व्यवस्थाले किसानलाई आवश्यक समयमा मल उपलब्ध गराउन सहयोग पुग्ने, कृषि उत्पादन लागत व्यवस्थापनमा सहजता आउने तथा समग्र कृषि उत्पादन वृद्धि गर्न महत्वपूर्ण योगदान पुग्ने अपेक्षा गरिएको छ। यसले व्यावसायिक कृषि फार्म स्थापना, आधुनिक प्रविधिको प्रयोग तथा उत्पादन विस्तारमा सहयोग पुग्ने छ।

कृषि तथा पशु बिमामा ८० प्रतिशतसम्म प्रिमियम अनुदान दिने व्यवस्थाले किसानलाई प्राकृतिक विपत्ति र उत्पादन जोखिमबाट सुरक्षित बनाउन मद्दत गर्ने छ। विगतमा अनुदान वितरणमा देखिएका अनियमितता र पहुँचवालाको प्रभावलाई नियन्त्रण गर्न नसकिए यस्ता कार्यक्रमको वास्तविक लाभ लक्षित किसानसम्म पुग्न कठिन छ। सिँचाइ क्षेत्रलाई दिइएको प्राथमिकता पनि कृषि उत्पादन वृद्धि गर्ने दृष्टिले महत्वपूर्ण छ। ठुला तथा निर्माणाधीन सिँचाइ आयोजना सम्पन्न गर्ने र साना तथा मझौला सिँचाइ योजना विस्तार गर्न चुनौती कोष स्थापना गर्ने नीति उत्पादनशील जमिनको उपयोग बढाउन सहायक बन्न सक्छ। नेपालमा अझै ठुलो क्षेत्रफल खेतीयोग्य जमिन वर्षाको भरमा निर्भर रहेकाले भरपर्दो सिँचाइ प्रणालीबिना कृषिमा आधुनिकीकरण सम्भव छैन। बजेटको प्रभावकारिता आयोजनाको समयमै सम्पन्नता र स्थानीय तहको कार्यक्षमतामा निर्भर रहने छ।

सरकारले किसानबाट प्रत्यक्ष कृषि उपज खरिद गर्ने व्यवसायलाई सहुलियतपूर्ण ऋण तथा ब्याज अनुदान उपलब्ध गराउने व्यवस्था पनि गरेको छ। यसले किसान र बजारबिचको दुरी घटाउन, बिचौलियाको प्रभाव कम गर्न तथा उत्पादनको उचित मूल्य सुनिश्चित गर्न मद्दत पुग्छ। अर्गानिक, उच्च मूल्य तथा भौगोलिक सङ्केत प्राप्त कृषि उत्पादनको प्रशोधन र 'ब्रान्डिङ' मा सहयोग गर्ने नीतिले नेपाली कृषि उत्पादनलाई अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धी बनाउन सहयोग पनि पुग्ने छ।

कृषिसेवा प्रणालीलाई किसानकेन्द्रित बनाउने, डिजिटल सूचना प्रणाली विस्तार गर्ने तथा अनुसन्धान तथा विकासलाई प्राथमिकता दिने कार्यक्रम दीर्घकालीन दृष्टिले अझ महत्वपूर्ण छन्। उन्नत बिउ विकास, स्थानीय हावापानीअनुकूल जातको खोज, जैविक प्रविधिको प्रयोग तथा उत्पादकत्व वृद्धिसम्बन्धी अनुसन्धानले कृषिक्षेत्रको दिगो विकासमा टेवा पुऱ्याउन सक्छ।

सरकारले कृषिक्षेत्रलाई उत्पादन वृद्धि मात्र नभई आयआर्जन, रोजगारी सिर्जना र आयात प्रतिस्थापनको माध्यमका रूपमा विकास गर्ने स्पष्ट सङ्केत दिएको छ। नीति र कार्यक्रमको सफलता बजेट विनियोजनभन्दा बढी प्रभावकारी कार्यान्वयन, पारदर्शिता, अनुगमन तथा वास्तविक किसानसम्म सेवा र सुविधा पुऱ्याउने क्षमतामा निर्भर रहने छ। कृषिक्षेत्रको रूपान्तरणका लागि घोषणाभन्दा परिणाममुखी कार्यान्वयन नै अबको प्रमुख परीक्षा हुने छ।

यस वर्षको कृषिनीति र बजेटबिच प्रत्यक्ष सम्बन्ध छ। दुई करोड रुपियाँसम्म लगानी गर्ने किसानलाई ४० प्रतिशतसम्म प्रोत्साहन अनुदान दिने घोषणा छ। यसको अर्थ सरकारले व्यावसायिक कृषि विस्तार गर्ने नीतिलाई बजेटीय स्रोतमार्फत समर्थन गर्न खोजेको छ। कृषि तथा पशु बिमामा ८० प्रतिशतसम्म प्रिमियम अनुदान दिने व्यवस्था जोखिम न्यूनीकरणको नीतिसँग जोडिएको छ। ठुला सिँचाइ आयोजना सम्पन्न गर्ने र साना तथा मझौला सिँचाइ योजनाका लागि चुनौती कोष स्थापना गर्ने कार्यक्रम उत्पादन वृद्धि र कृषि आधुनिकीकरणको लक्ष्यसँग सम्बन्धित छन्।

***सुझाव***

नेपालमा सीमित खेतीयोग्य जमिन, सिँचाइ अभाव र प्राकृतिक चुनौती हुँदाहुँदै पनि प्रविधि, नवप्रवर्तन र बजार व्यवस्थापनमार्फत कृषिलाई आर्थिक रूपान्तरणको जग बनाउन सकिने सम्भावना छ। यसका लागि विद्यमान कृषिनीति तथा बजेट प्रणालीलाई वितरणमुखीबाट परिणाममुखी र दीर्घकालीन विकासतर्फ केन्द्रित गर्नु पर्छ। हालको परम्परागत अनुदानमुखी खर्च कटौती गर्दै वैज्ञानिक अनुसन्धान, डिजिटल सेवा र प्रविधि हस्तान्तरणमा लगानी बढाउनु आवश्यक छ। कृषि अनुसन्धान परिषद् (नार्क), विश्वविद्यालय र स्थानीय सरकारबिच बलियो समन्वय कायम गरी अनुसन्धानका उपलब्धिलाई सोझै किसानको खेतबारीसम्म पुऱ्याउने संयन्त्र निर्माण गरिनु पर्छ।

पूर्वाधार विकाससँगै पानीको आधुनिक, दक्ष र प्रविधिमैत्री जल व्यवस्थापनलाई कृषिनीतिको केन्द्रविन्दु बनाउनु आवश्यक छ। कृषिक्षेत्रलाई सरकारी घेराबाट बाहिर निकाली निजी क्षेत्र, सहकारी र उद्यमीको

बाँकी तेस्रो पृष्ठमा

# अन्तर्राष्ट्रिय, मनोरञ्जन तथा खेलकुद समाचार

## कङ्गोमा इबोला प्रकोप तीव्रः ५१५ सङ्क्रमित, ९१ मृत्यु

*किन्शासा, जेठ २५ गते ।*
कङ्गो प्रजातान्त्रिक गणतन्त्रमा इबोला स्क्रमितको सङ्ख्या ५१५ पुगेको छ भने ९१ जनाको मृत्यु भएको स्वास्थ्य मन्त्रालयले जनाएको छ । अधिकारीहरूले आइतबार सार्वजनिक गरेको प्रतिवेदन अनुसार रोगको फैलावट अझै नियन्त्रणमा आएको छैन र नियन्त्रणका उपाय तुरुन्त प्रभावकारी रूपमा लागु नगरे अवस्था झन् बिग्रिन सक्ने चेतावनी दिइएको छ ।



स्वास्थ्य मन्त्रालयका अनुसार थप तीन जना बिरामी निको भएपछि निको हुनेको सङ्ख्या १२ पुगेको छ । हाल ११७ जना शङ्कास्पद सङ्क्रमित रहेका छन् भने २८३ जना बिरामी आइसोलेसन वा उपचारमा छन् ।

धेरैजसो पुष्टि भएका बिरामीहरूमा लक्षण जेठ १ देखि जेठ १० बिच देखिएको पाइएको छ, जसले सम्भावित एउटै स्रोतबाट सङ्क्रमण तीव्र रूपमा फैलिएको सङ्केत गरेको छ । जेठ १२ देखि असार १ बिच पनि नयाँ बिरामीहरूमा लक्षण देखिनु सङ्क्रमण अझ फैलिरहेको प्रमाण भएको बताइएको छ ।

स्वास्थ्य अधिकारीहरूले समयमै कडा नियन्त्रण उपाय नअपनाइए सङ्क्रमित सङ्ख्या अझै बढ्न सक्ने चेतावनी दिएका छन्।

रोग नियन्त्रण प्रयासहरू कमजोर सम्पर्क निगरानी, समुदायको असहयोग, उपचार केन्द्रहरूको सीमित क्षमता, सङ्क्रमण रोकथाम सामग्रीको अभाव र बजेट अभावका कारण प्रभावित भएका छन् ।

तीन प्रभावित प्रान्तमा सम्पर्क निगरानी दर ५०.३ प्रतिशत मात्र रहेको छ, जुन लक्ष्य ९५ प्रतिशतभन्दा धेरै कम हो । उत्तर किभु क्षेत्रमा परीक्षण सामग्रीको अभावका कारण १९३ परीक्षण नतिजा अझै पर्खाइमा रहेका छन्।

हालको प्रकोप बन्डिबुग्यो प्रकारको इबोला भाइरसका कारण भएको हो, जसलाई जेठ १ मा औपचारिक रूपमा घोषणा गरिएको थियो ।

## युएईमा नेपाली तेक्वान्दो खेलाडी घर्ती मगर सम्मानित

काठमाडौँ, जेठ २६ गते ।

नेपाली तेक्वान्दो प्रशिक्षक तथा अन्तर्राष्ट्रिय रेफ्री नेत्रबहादुर घर्ती मगरलाई युएई तेक्वान्दो फेडेरेसनले २०२५-२०२६ खेल सत्रका तेक्वान्दो च्याम्पियनसिपमा रेफ्रीको माधयमबाट गरेको उत्कृष्ट योगदानको कदर गर्दै सम्मानपत्र प्रदान गरेको छ ।




युएई तेक्वान्दो फेडेरेसनको बोर्ड अफ डाइरेक्टर्सले जारी गरेको प्रशंसापत्रमा घर्ती मगरले विभिन्न तेक्वान्दो प्रतियोगितामा रेफ्रीको रूपमा देखाएको महत्त्वपूर्ण, विशिष्ट र उदाहरणीय कार्य सम्पादनले फेडेरेसनका कार्यक्रम तथा प्रतियोगिताहरू सफल बनाउन भूमिका खेलेको उल्लेख गरिएको छ।

तेक्वान्दो क्षेत्रमा निरन्तर सक्रिय घर्ती मगर सन् २०११ मा रोजगारीका लागि युएई पुगेका थिए प्रारम्भिक समयमा उहाँले सिक्युरिटी गार्डका रूपमा काम गर्नुभएको थियो । खेलप्रतिको लगाव र अथक मिहिनेतका कारण उहाँले तेक्वान्दो क्षेत्रमा आफ्नो यात्रा अघि बढाउँदै सन् २०१६ देखि युएईमा तेक्वान्दो प्रशिक्षक (कोच) तथा रेफ्रीको जिम्मेवारी निर्बाह गर्दै आउनुभएको छ । युएई तेक्वान्दो फेडेरेसनले प्रदान गरेको सम्मानले घर्ती मगरको खेल यात्रामा थप उत्साह र ऊर्जा थप्ने विश्वास गरिएको छ।

## उद्यमशीलता...

सक्रिय साझेदारीमा उत्पादन, प्रशोधन, भण्डारण, 'ब्रान्डिङ' र मूल्य शृङ्खला विकास गर्दै अन्तर्राष्ट्रिय बजारसँग जोड्नु पर्छ । अनुदान वितरण प्रणालीलाई राजनीतिक पहुँचका आधारमा नभई उत्पादकत्व, रोजगारी सिर्जना र व्यावसायिक उपलब्धिका आधारमा पारदर्शी बनाइनु पर्छ । कृषिनीति र बजेटलाई अनुसन्धानमुखी, जल-दक्ष, बजारकेन्द्रित र प्रविधिमैत्री बनाउन सके मात्र राष्ट्रिय अर्थतन्त्र बलियो हुने छ । कृषि विकासको असली सफलता बजेटको आकारमा भन्दा पनि यसको गुणस्तरीय उपयोग, वैज्ञानिक योजना र इमानदार कार्यान्वयनमा निर्भर रहन्छ ।

## सुधन गुरुङ ...

निर्णयमध्ये एकका रूपमा वि.सं. २०५८ जेठ १९ गते भएको नारायणहिटी दरबार हत्याकाण्डसम्बन्धी पुराना अनुसन्धान प्रतिवेदनहरूको पुनः अध्ययन गरी थप छानबिन अघि बढाइने घोषणा गरिएको छ।

यससँगै गुरुङको राजनीतिक 'कमब्याक' र गृह मन्त्रालयको सक्रियताले नयाँ बहस सुरु गरेको छ।

## पुर्वमुख्यमन्त्री...

उनले विद्यालयको भौतिक तथा शैक्षिक विकासमा आफू निरन्तर सहयोगी रहने प्रतिबद्धता पनि व्यक्त गरे।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष तथा पूर्व वडाअध्यक्ष जयप्रकाश दासका अनुसार भवन निर्माणको ठेक्का प्रक्रिया सम्पन्न भइसकेको छ भने ८ कोठे भवनको नक्सासमेत स्वीकृत भइसकेको छ। निर्माण कार्य पहिलो चरणमा दुई कोठाबाट सुरु गरिनेछ र चालु आर्थिक वर्षभित्र पहिलो चरणको काम सम्पन्न गर्ने लक्ष्य राखिएको छ।

नयाँ भवन निर्माणपछि विद्यालयमा अध्ययनरत विद्यार्थीहरूले पर्याप्त कक्षाकोठाको सुविधा पाउने, पठनपाठन वातावरण थप व्यवस्थित हुने तथा शैक्षिक गुणस्तर सुधारमा टेवा पुग्ने अपेक्षा गरिएको छ। गुणस्तरिय शिक्षाको लागि पुर्वाधारयुक्त विद्यालयको बनाउन प्रदेशसम्म निकै पहलकदमीबाट आजको अवस्था आएकोमा पुर्व मुख्यमन्त्रीको योग्दानले सम्भव भएको, उनले भने।

शिलान्यास कार्यक्रममा प्रधानाध्यापक उमेशकान्त शुक्ला, पूर्व प्रधानाध्यापक फुलचन टाकुर, रामसुनर यादव, पूर्व शिक्षक सोनालाल दास, साहेब प्रसाद कुर्मी, वडा सदस्य, गढीमाई वन साझेदारीका अध्यक्ष एकबाल साह, लोहा यादव, शिक्षक अली महम्मद अन्सारी, राजकपुर दास, अभिभावक, स्थानीय बुद्धिजीवी तथा सर्वसाधारणको उल्लेखनीय उपस्थिति रहेको थियो।

स्थानीयवासीहरूले विद्यालयको भौतिक पूर्वाधार विस्तारले शैक्षिक वातावरण सुधार गर्न र विद्यार्थीहरूको सिकाइ उपलब्धि बढाउन महत्वपूर्ण योगदान पुग्ने विश्वास व्यक्त गरेका छन्।

## प्रादेशिक...

नै हो," उनले भने।

एकातिर परीक्षा निष्पक्ष भएको दाबी, अर्कोतर्फ नतिजा स्थगित गर्ने निर्णयले उम्मेदवारहरूलाई थप अन्योलमा पारेको छ। प्रक्रिया कानुनी र पारदर्शी थियो भने नतिजा किन रोकियो ? यदि प्रक्रिया त्रुटिपूर्ण थियो भने परीक्षा नै किन सञ्चालन गरियो ? भन्ने प्रश्न परीक्षार्थीहरूले उठाउन थालेका छन्।

परीक्षामा सहभागी भएका उम्मेदवारहरूको गुनासो छ– योग्यताका आधारमा छनोट हुनुपर्ने स्वास्थ्यकर्मीको नियुक्तिमा राजनीतिक पहुँच, समूहगत दबाब र 'आफ्ना मान्छे' भर्ती गराउने प्रयास हाबी हुँदा सम्पूर्ण प्रक्रिया विवादित बनेको हो। स्वास्थ्य सेवा जस्तो संवेदनशील क्षेत्रमा दक्ष जनशक्ति छनोट हुनुपर्नेमा नियुक्तिलाई सौदाबाजीको विषय बनाइएको आशंका बढ्दै गएको उनीहरूको भनाइ छ।

नतिजा अनिश्चितकालका लागि रोकिँदा सयौं उम्मेदवारको समय, श्रम र आर्थिक लगानी अन्योलमा परेको छ। अस्पताल प्रशासन, स्वास्थ्य मन्त्रालय र पदपूर्ति समितिका जिम्मेवार पदाधिकारीहरू एकअर्कातर्फ जिम्मेवारी पन्छाउँदै बसेका बेला प्रादेशिक अस्पताल कलैयाको भर्ती प्रक्रिया मधेश प्रदेशकै स्वास्थ्य प्रशासनमा सुशासन र पारदर्शितामाथि गम्भीर प्रश्न बनेर उभिएको छ।

## सुधन र महावीर...

प्रविधि मन्त्रीका रूपमा कार्यरत रहिसकेका थिए।

दुवै मन्त्रीको पुनः नियुक्तिलाई सरकारभित्र अनुभव र निरन्तरताको सन्तुलनका रूपमा समेत हेरिएको छ। उनीहरू दुवै जनाको संघीय मन्त्रिपरिषद्मा यो दोस्रो इन्ट्री हो, जसले आगामी दिनमा मन्त्रालयगत नीतिगत सुधार र कार्यक्रम कार्यान्वयनमा प्रभाव पार्ने अपेक्षा गरिएको छ।

यस घटनासँगै वर्तमान सरकारभित्रको राजनीतिक समीकरण र मन्त्रीहरूको जिम्मेवारी पुनः बाँडफाँटबारे समेत चासो बढेको छ।

## पर्सामा...

गर्दै संस्थाले आफ्नो नामको बोर्ड हटाएर फरक स्वरूपमा सेवा सञ्चालन गरिरहेको आरोप समेत लागेको छ। यस घटनाले प्रशासनिक आदेशको खुलेआम अवज्ञा हुँदासमेत सम्बन्धित निकायको मौनतामाथि प्रश्न उठाएको छ। स्थानीय स्तरमा यो विषयलाई लिएर "प्रशासनिक कमजोरी हो वा केही व्यक्ति तथा संस्थाले पहुँच र प्रभावको फाइदा उठाइरहेका छन् ?" भन्ने बहस चुलिँदै गएको छ। यसैबीच, पर्सामा सञ्चालित केही सुधार केन्द्रका सञ्चालक तथा कर्मचारीहरूको प्रहरी र प्रशासनिक अधिकारीहरूसँगको निकट सम्बन्ध, नियमित भेटघाट तथा अनौपचारिक समन्वयका कारण मापदण्ड नपुगेका संस्थाहरू पनि निर्बाध रूपमा सञ्चालन भइरहेको हुन सक्ने आशंका स्थानीयवासीहरूले व्यक्त गरेका छन्। यद्यपि, यस विषयमा जिल्ला प्रशासन कार्यालय पर्सा, प्रहरी प्रशासन तथा सम्बन्धित संस्थाहरूको आधिकारिक प्रतिक्रिया आउन बाँकी छ। स्थानीय स्तरबाट भने कानुनविपरीत सञ्चालनमा रहेका संस्थामाथि निष्पक्ष छानबिन गरी आवश्यक कारबाही गर्न माग बढ्दै गएको छ।

## एसईईमा ...

रिट निवेदकहरूले करिब एक करोड रुपैयाँ बराबरको निजी सम्पत्ति कुनै कानुनी प्रक्रिया बिना नष्ट गर्नु कानुनी शासनको गम्भीर उल्लङ्घन भएको दाबी गरेका छन्। उनीहरूका अनुसार यस्तो कार्यले राज्य संयन्त्रको स्वेच्छाचारिता उजागर गरेको छ।

## सवैधानिक ...

लागत दुवैलाई ध्यानमा राख्दै संख्या घटाएर पुनःसंरचना गर्नुपर्ने सुझाव दिएको छ।


त्यसैगरी आयोगले संवैधानिक निकायका पदाधिकारीहरूको उमेर ४० वर्ष कायम गर्न र न्यूनतम शैक्षिक योग्यता स्नातकोत्तर तोक्नुपर्ने प्रस्तावसमेत अघि सारेको छ।


आयोगले आफ्नो संरचनाबारे समेत पुनर्विचार गर्दै प्रमुख आयुक्त र दुई आयुक्तको व्यवस्था पर्याप्त हुने सुझाव दिएको छ। साथै, निर्वाचनको मिति तोक्ने अधिकार आयोगमै रहनुपर्ने अडान पनि राखिएको छ।

त्यस्तै, संविधानमै राजनीतिक दलहरूको नियमन र व्यवस्थापनको जिम्मेवारी स्पष्ट रूपमा निर्वाचन आयोगलाई तोकिनुपर्ने व्यवस्था थप गर्नुपर्ने सुझाव पनि आयोगले दिएको छ। आयोगका यी सुझावहरू कार्यान्वयन भएमा संवैधानिक निकायहरूको संरचना, अधिकार र कार्यक्षेत्रमा महत्वपूर्ण परिवर्तन आउने देखिन्छ।

तातो हावा वा लू बाट बच्ने उपायहरु


हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।
कलैया उपमहानगरपालिका
द्वारा जनहितमा जारी सन्देश ।

तातो हावा वा लू बाट बच्ने उपायहरु

हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।
महागढीमाई नगरपालिका
द्वारा जनहितमा जारी सन्देश ।

तातो हावा वा लू बाट बच्ने उपायहरु

हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।
निजगढ नगरपालिका
द्वारा जनहितमा जारी सन्देश ।

तातो हावा वा लू बाट बच्ने उपायहरु

हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।
जीतपुरसिमरा उपमहानगरपालिका
द्वारा जनहितमा जारी सन्देश ।

तातो हावा वा लू बाट बच्ने उपायहरु

हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।
कोल्हवी नगरपालिका
द्वारा जनहितमा जारी सन्देश ।

# सुधन र महावीर द्वारा पद तथा गोपनियताको सपथ, दोस्रो पटक मन्त्रीका रूपमा पुनः प्रवेश

काठमाडौं, जेठ २६ –
गृहमन्त्री सुधन गुरुङ र विज्ञान, प्रविधि तथा नवप्रवर्तनमन्त्री महावीर पुन ले सोमबार राष्ट्रपति कार्यालय शीतल निवासमा पद तथा गोपनियताको सपथ ग्रहण गरेका छन्।
राष्ट्रपति रामचन्द्र पौडेल को उपस्थितिमा आयोजित विशेष समारोहमा दुवै मन्त्रीलाई संवैधानिक प्रक्रियाअनुसार सपथ ग्रहण गराइएको हो। सपथपछि दुवै मन्त्रीले आ-आफ्नो मन्त्रालयको जिम्मेवारी सम्हाल्ने तयारी गरेका छन्।
सुधन गुरुङ राष्ट्रिय स्वतन्त्र पार्टीका तर्फबाट गोरखा-१ निर्वाचन क्षेत्रबाट निर्वाचित सांसद हुन्। उनी यसअघि पनि गृहमन्त्रीको जिम्मेवारीमा रहिसकेका थिए। चैत १३ गते पहिलो पटक गृहमन्त्री



नियुक्त भएका गुरुङले वैशाख ९ गते पदबाट राजीनामा दिएका थिए। पछिल्लो राजनीतिक पुनर्संरचनासँगै उनी पुनः सोही मन्त्रालयको जिम्मेवारीमा फर्किएका हुन्।
त्यसैगरी, महावीर पुन म्याग्दी जिल्लाबाट स्वतन्त्र उम्मेदवारका रूपमा प्रतिनिधिसभा सदस्य निर्वाचित भएका हुन्। उनी देशमा विज्ञान, प्रविधि र नवप्रवर्तनको क्षेत्रमा दीर्घ समयदेखि सक्रिय रहँदै आएका व्यक्तित्व हुन्। यसअघि जेनजी आन्दोलनपछि बनेको सुशीला कार्की नेतृत्वको सरकारमा समेत उनी शिक्षा, विज्ञान तथा

बाँकी तेस्रो पृष्ठमा

# पर्सा अदालतबाट पनि लामिछानेलाई राहत, संगठित अपराधसम्बन्धी मुद्दा फिर्ता

*काठमाडौं, जेठ २६ –*
राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछाने विरुद्ध दर्ता भएको संगठित अपराधसम्बन्धी मुद्दा जिल्ला अदालत पर्साले फिर्ता लिन अनुमति दिएको छ।
न्यायाधीश मोहन सुवेदीको इजलासले मंगलबार उक्त मुद्दा फिर्ता लिने सरकारी निवेदन स्वीकृत गर्दै प्रक्रिया अघि बढाउन आदेश दिएको हो।
यससँगै लामिछानेमाथि सहकारी प्रकरणअन्तर्गत लगाइएका आरोपमध्ये अब 'सानो पाइला सहकारी' ठगीसम्बन्धी मुद्दा मात्र बाँकी रहेको छ। यसअघि कास्की जिल्ला अदालतले पनि संगठित अपराध तथा सम्पत्ति शुद्धीकरणसम्बन्धी मुद्दा फिर्ता गर्न अनुमति दिइसकेको थियो।
अदालतले जाहेरवालाको मुख्य उद्देश्य बचत रकम फिर्ता पाउनु रहेको उल्लेख गर्दै सहकारी ठगीसम्बन्धी मुद्दा यथावत् रहेकाले संगठित अपराधको अभियोग



फिर्ताले न्यायिक प्रक्रियामा प्रतिकूल असर नपर्ने ठहर गरेको छ। साथै, मुद्दा फिर्ताले पीडित र प्रतिवादीबीच मिलापत्रको वातावरण बन्ने तथा बचतकर्ताको रकम फिर्ता प्रक्रिया सहज हुने अपेक्षा गरिएको छ।
महान्यायाधिवक्ताको कार्यालयले सहकारी प्रकरणका विभिन्न प्रतिवादीहरूमाथि लगाइएका संगठित अपराधसम्बन्धी मुद्दा फिर्ता लिने नीतिगत निर्णय गरेपछि विभिन्न जिल्ला अदालतहरूमा त्यसअनुसार निवेदन दायर गरिएको हो। सोही निर्णयअनुसार अहिले देशभर मुद्दा फिर्ता हुने क्रम जारी छ।
यद्यपि काठमाडौं र रुपन्देही जिल्ला अदालतमा भने संगठित अपराधसम्बन्धी मुद्दा अझै विचाराधीन छ। साथै, महान्यायाधिवक्ताको निर्णयविरुद्ध सर्वोच्च अदालतमा दायर रिट पनि विचाराधीन रहेकाले यो विषय कानुनी तथा राजनीतिक वृत्तमा चासोका साथ हेरिएको छ।

# जपत मोबाइल नष्ट प्रकरण गैरकानुनी भएको शिक्षामन्त्री पोखरेलको टिप्पणी

*२६ जेठ,,काठमाडौं ।*
एसईई तथा कक्षा ११ र १२ को परीक्षाका क्रममा जफत गरिएका मोबाइल फोन पानीमा हालेर नष्ट गरिएको घटनाबारे शिक्षा तथा खेलकुद मन्त्री सस्मित पोखरेलले उक्त कार्य गैरकानुनी भएको स्पष्ट पारेका छन्।
मन्त्रिपरिषद् बैठकपछि सञ्चारकर्मीहरूसँग कुरा गर्दै सरकारका प्रवक्ता समेत रहेका मन्त्री पोखरेलले यस्तो कार्य कुनै पनि कानुनी प्रक्रियाभन्दा बाहिर गएर गरिएको भन्दै आपत्ति जनाए। उनका अनुसार संघीय सरकारबाट मोबाइल नष्ट गर्ने कुनै निर्देशन जारी गरिएको थिएन।
उनले प्रदेश तहबाट गरिएको निर्णयको विषय भएको उल्लेख गर्दै आवश्यक कानुनी प्रक्रिया पालना नगरी गरिएको



यस्तो कदम स्वीकार्य नहुने बताए। साथै, यदि कानुनी रूपमा अदालतले क्षतिपूर्ति दिनुपर्ने आदेश दिएमा त्यसअनुसार राज्यले जिम्मेवारी लिनुपर्ने पनि उनले स्पष्ट पारे।
यसअघि सिरहा जिल्लामा एसईई र कक्षा ११-१२ का परीक्षार्थीबाट जफत गरिएका मोबाइल फोन पानीमा हालेर नष्ट गरिएको घटना सार्वजनिक भएको थियो। उक्त घटनापछि शिक्षा क्षेत्रमै यसबारे व्यापक बहस सुरु भएको छ।

# सवैधानिक आयोगहरूको संरचना "भद्दा" भन्दै आयोगद्वारा पुनर्संरचनाको सुझा

*२६ जेठ, काठमाडौं –*
निर्वाचन आयोगले विभिन्न संवैधानिक आयोगहरूको वर्तमान संरचना भद्दा भएको निष्कर्ष निकाल्दै तिनको संख्या घटाई पुनर्संरचना गर्न सुझाव दिएको छ।
आयोगले आफ्नो सुझावमा संविधानको धारा २२० अन्तर्गतको जिल्ला सभा र जिल्ला समन्वय समितिको औचित्यसमेत पुनर्विचार गर्नुपर्ने उल्लेख गरेको छ।
आयोगका अनुसार अख्तियार दुरुपयोग अनुसन्धान आयोग, महालेखा परीक्षक, लोक सेवा आयोग, निर्वाचन आयोग, राष्ट्रिय मानव अधिकार आयोग र राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त



आयोगलगायत संवैधानिक निकायहरूको संरचना सरल र सानो बनाउन आवश्यक छ। वर्तमान संरचना अनावश्यक रूपमा विस्तार भएको भन्दै यसलाई 'भद्दा' बनाएको निष्कर्ष आयोगले निकालेको हो।
निर्वाचन आयोगले ती निकायहरूको प्रभावकारीता र

बाँकी तेस्रो पृष्ठमा

# एसईईमा जफत मोबाइल र स्मार्टवाच नष्ट प्रकरणमा सर्वोच्चमा रिट दर्ता

*२६ जेठ, काठमाडौं –*
माध्यमिक शिक्षा परीक्षा (एसईई) का क्रममा सिरहाका विभिन्न परीक्षा केन्द्रबाट जफत गरिएका परीक्षार्थीका मोबाइल फोन तथा स्मार्टवाच पानीमा डुबाएर नष्ट गरिएको घटनाविरुद्ध सर्वोच्च अदालतमा रिट निवेदन दर्ता भएको छ। अधिवक्ता अनिल कुमार साह तथा परीक्षार्थी विद्यार्थीहरू महेश कुमार महासेठ र रमण कुमार यादवले संयुक्त रूपमा दायर गरेको रिटमा नेपाल सरकार, गृह मन्त्रालय, मधेस प्रदेशको शिक्षा मन्त्रालय, राष्ट्रिय परीक्षा बोर्ड तथा जिल्ला प्रशासन कार्यालय सिरहालाई विपक्षी बनाइएको छ।
रिट निवेदकहरूले परीक्षा अवधिमा निषेधित सामग्रीका रूपमा जफत गरिएका उपकरणहरू परीक्षा सकिएपछि अभिभावकको जिम्मा वा जरिवाना लिएर फिर्ता गर्नुपर्नेमा कानुनविपरीत रूपमा नष्ट गरिएको दाबी गरेका छन्।
उनीहरूले पीडित विद्यार्थी तथा अभिभावकहरूलाई मोबाइल तथा स्मार्टवाचको बजार मूल्य र डेटा क्षतिको आधारमा उचित क्षतिपूर्ति उपलब्ध गराउनुपर्ने माग गरेका



छन्। साथै, उक्त कार्यमा संलग्न जिम्मेवार अधिकारी तथा कर्मचारीहरूमाथि फौजदारी तथा विभागीय कारबाही हुनुपर्ने मागसमेत रिटमा गरिएको छ।
त्यसैगरी, भविष्यमा देशभरका परीक्षा केन्द्रहरूमा जफत गरिएका सामग्री नष्ट नगरी कानुनी प्रक्रिया अनुसार सुरक्षित राख्ने वा फिर्ता गर्ने स्पष्ट आदेश जारी गर्न सर्वोच्चसँग माग गरिएको छ।
गत चैतमा सम्पन्न एसईई परीक्षाका क्रममा मर्यादा उल्लङ्घन गरेको भन्दै सिरहाका परीक्षा केन्द्रहरूबाट ७ थान आइफोन, ४८९ थान एन्ड्रोइड फोन र ५ थान स्मार्टवाच जफत गरिएको थियो।
उक्त सामग्रीहरू जिल्ला परीक्षा समन्वय समिति सिरहाको निर्णय तथा तत्कालीन मधेस प्रदेशकी शिक्षा मन्त्रीको घोषणाका आधारमा जिल्ला प्रहरी कार्यालयको परिसरमा पानी भरिएको ड्रममा डुबाएर सामूहिक रूपमा नष्ट गरिएको थियो। सो घटनाको भिडियो सामाजिक सञ्जालमा सार्वजनिक भएपछि देशभर व्यापक आलोचना भएको थियो।

बाँकी तेस्रो पृष्ठमा

# माडी बालगृह विवाद : एक महिनापछि पनि कारबाही शून्य, बालबालिकाको अवस्थाबारे अन्योल कायम

चितवन, जेठ २६ –
माडी नगरपालिका-६ स्याउलीबासस्थित 'सेल्टर अफ पिस होम' सम्बन्धी विवाद सार्वजनिक भएको एक महिना बितिसक्दा पनि घटनाको सत्यतथ्य बाहिर आउन नसकेको र संलग्नमाथि ठोस कारबाही नभएको भन्दै स्थानीयवासीले प्रशासनको भूमिकामाथि प्रश्न उठाएका छन्।
वैशाख २५ गते बालबालिकाको दयनीय अवस्थाबारे समाचार सार्वजनिक भएपछि संस्थामा रहेका बालबालिकालाई रातारात अन्यत्र सारिएको थियो। त्यसयता उनीहरू कहाँ छन्, कुन अवस्थामा छन् र कसको जिम्मेवारीमा छन् भन्ने विषय अझै स्पष्ट हुन सकेको छैन। केही बालबालिका फेला परे पनि अधिकांशको अवस्थाबारे आधिकारिक जानकारी सार्वजनिक गरिएको छैन।
घटनापछि बालबालिकाको पढाइसमेत प्रभावित भएको बताइएको छ। विद्यालय उमेरका बालबालिका लामो समयदेखि नियमित अध्ययनबाट वञ्चित




भएको भन्दै अभिभावक तथा स्थानीय सरोकारवालाले चिन्ता व्यक्त गरेका छन्।
यस विषयमा प्रमुख जिल्ला अधिकारी गणेश अर्यालले अनुसन्धानका लागि प्रहरीलाई निर्देशन दिइएको बताएका छन् भने जिल्ला प्रहरी कार्यालय चितवनले अनुसन्धान जारी रहेको जनाएको छ। तर एक महिनासम्म पनि ठोस नतिजा नआउँदा अनुसन्धान प्रक्रिया नै प्रश्नको घेरामा परेको छ।स्थानीयवासीको माग छ कि बालबालिकाको नाममा आर्थिक सहयोग संकलन, अवैध रूपमा बालगृह सञ्चालन तथा उनीहरूको संरक्षणसँग जोडिएका सम्पूर्ण विषयमा निष्पक्ष छानबिन गरी दोषीमाथि कानुनी कारबाही गरिनुपर्छ। बाल अधिकारसँग प्रत्यक्ष सरोकार राख्ने विषयमा राज्यका निकायबीच समन्वय अभाव देखिएको भन्दै उनीहरूले तत्काल सत्यतथ्य सार्वजनिक गर्न माग गरेका छन्। बाल अधिकारकर्मीहरूका अनुसार बालबालिकाको शिक्षा, सुरक्षा र संरक्षण सुनिश्चित गर्नु राज्यको दायित्व हो। घटनाको निष्पक्ष अनुसन्धान गरी वास्तविकता सार्वजनिक गर्न ढिलाइ भए बाल संरक्षण प्रणालीप्रतिको जनविश्वास थप कमजोर हुने उनीहरूको भनाइ छ।